# जुगल गाउँपालिका

# स्थानिय राजपत्र

| खण्ड ७ | संख्या ५ | कार्यपालिकाबाट स्वीकृत २०८२।०२।२३ |
|---|---|---|

## भाग २(ङ)

## जुगल गाउँपालिकाको मर्मत संम्भार कोष सञ्चालन कार्यविधि, २०८२

जुगल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बराम्ची सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## जुगल गाउँपालिकाको मर्मत संम्भार कोष सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना :** जुगल गाउँपालिकाबाट सञ्चालन गरिएका विभिन्न पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुलाई नियमित रुपमा मर्मत सम्भार तथा व्यवस्थापन गरी दिगो, गुणस्तरीय र प्रभावकारी रुपमा विकास निर्माणका कार्यहरु सञ्चालन गर्नुपर्ने भएकाले जनसहभागितामुलक भौतिक पुर्वाधार विकासका कार्यहरुमा उपभोक्ताहरुको नियमित सहभागिताद्वारा भौतिक पुर्वाधार विकासमा स्थानीय बासिन्दहरुको स्वामित्व ग्रहण गर्ने वातावरण बनाउन तथा गाउँपालिकाबाट सञ्चालन गरिने पुर्वाधार विकास कार्यक्रमहरुलाई अधिकतम गुणस्तरीय मितव्ययी पारदर्शी तथा दिगो रुपमा सञ्चालन गर्न आवश्यक भएकाले जुगल गाउँकार्यपालिकाले यो कार्यविधि निर्माण गरी लागु गरेको छ ।

### परिच्छेद १
### प्ररम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ** :

(क) यस कार्यविधिको नाम जुगल गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८२ रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२ ) **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**कार्यविधि**" भन्नाले जुगल गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८२ रहेको छ ।

(ख) "**कोष** " भन्नाले यस कार्यविधि बमोजिमको मर्मत सम्भार कोषलाई बुझाउँदछ ।

(ग) "**ऐन**" भन्नाले स्थानिय सरकार सन्लन ऐन,२०७४ लाई सम्झनुपर्दछ ।

(घ) "**गाउँपालिका** "भन्नाले जुगल गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "**अध्यक्ष**" भन्नाले जुगल गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "**गाउँ कार्यपालिका**" भन्नाले जुगल गाउँपालिकालाई बुझाउदछ ।

(छ) "**उपभोक्ता समिति**" भन्नाले जुगल गाउँपालिकाको टोल र वस्ती क्षेत्रमा संचालन हुने आयोजनाबाट प्रत्यक्ष लाभान्वित समुदायबाट उक्त योजना संचालन गर्न बनेको समुह भन्ने बुझाउनेछ।

(ज) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले जुगल गाउँपालिका गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउँदछ ।

(झ) "**भौतिक पूर्वाधार**" भन्नाले गाउँपालिका क्षेत्र भित्रका सडक, ढल, पुल, कल्भर्ट, कुलो, खानेपानी, तटबन्ध,भवन, खेल मैदान तथा यस्तै अन्य सार्वजनिक संरचनाका अतिरिक्त पुरातात्विक, साँस्कृतिक,ऐतिहासिक सम्पदा वा सो जन्य पूर्वाधार समेतलाई सम्झनुपर्छ।

(ञ) "**समिति**" भन्नाले मर्मत सम्भार कोष परिचालन समितिलाई बुझाउँनेछ ।

(ट) "**संयोजक**" भन्नाले मर्मत सम्भार कोष व्यवस्थापन समितिको संयोजकलाई जनाउँदछ।

(ठ) "**आयोजना**" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तीको लागि गाउँपालिकाले तयार गरिएको क्रियकलाप सम्झनु पर्दछ ।

## परिच्छेद-२

## लक्ष्य तथा उद्देश्य

**३) लक्ष्य :** (१) जुगल गाउँपालिकाबाट निर्माण गरिने सम्पूर्ण भौतिक पूर्वाधारका योजनाहरुको दीगोपन र गुणस्तर स्थापित गर्ने ।

(२) संघीय तथा प्रदेश सरकारबाट निर्माण भएका सडक तथा अन्य पूर्वाधारहरुको रेखदेख तथा सुरक्षा गर्ने ।

**४) उद्देश्य :**(१) उपभोक्ता समिति वा टोल सुधार वा अन्य लाभग्राही समितिबाट संचालन भएका भौतिक पूर्वाधार योजनाहरुको मर्मत संम्भारका लागि छुट्टै कोष स्थापना गरी परिचालन गर्ने।

(२) निर्माण भएका भौतिक पूर्वाधार योजनाहरुको तथ्याङ्क अद्यावधिक गर्ने ।

(३) भौतिक संरचनाको निर्माण गर्नुपूर्व वातावरणमैत्री प्रणालीमा जोड दिने ।

(४) समयमानै मर्मत संभार हुने वातावरण सृजना गरी थप क्षेति हुन बाट रोक्ने ।

(५) भौतिक पूर्वधारहरुको दिगो रुपमा सञ्चालन भईरहने अवस्था सृजना गर्ने ।

## परिच्छेद ३

## समिति गठन, काम कर्तव्य र अधिकार

**५) मर्मत सम्भार कोष परिचालन समिति :**

(१)मर्मत संभार कोषलाई मितव्यायी दिगो एंव प्रभावकारी तवरले व्यवस्थापन तथा संचालन गर्न देहाय बमोजिमको एक मर्मत संभार कोष परिचालन समिति रहने छ।

क). गाउँपालिका उपाध्यक्ष -संयोजक

ख). प्रमुख प्रशासकिय अधिकृत -सदस्य

ग) मर्मत संम्भार गरिने सम्बन्धित वडाका वडा अध्यक्ष -सदस्य

घ) पूर्वाधार विकास शाखा प्रमुख-सदस्य

ङ) योजना शाखा प्रमुख—सदस्य-सचिव

२). समितिको बैठक आवश्यकता अनुसार बस्न सक्ने छ ।

३). बैठकमा आवश्यकता अनुसारका सम्बद्ध विशेषज्ञ तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

४). समितिको बैठक संचालन कार्यविधि समिति आफैंले निर्धारण गर्ने सक्नेछ ।

५). समिति पदाधिकारी तथा सदस्यहरुको बैठक भत्ता प्रचलित कानुन बमोजिम हुनेछ ।

**६) समितिको काम,कर्तव्य र अधिकारः**

क) गाउँपालिका क्षेत्र भित्रका विभिन्न आयोजनाहरुको प्राथमिकता तोकि मर्मत संम्भारको एकिकृत वार्षिक कार्यक्रम बनाउँने।

ख) मर्मत संम्भार कोषमा रकम जम्मा गर्नका लागी श्रोत साधनको खोजि गर्ने।

ग) सडक, ढल, खानेपानी, सिचाई, पुल, कल्भर्ट, तटबन्ध,भवन, संम्पदा लगायतका क्षेत्रहरुको नियमित, पटके, आवधिक वा आकस्मिक मर्मत संम्भार/स्तरोन्नती सम्बन्धि व्यवस्थापकीय कार्यहरु गर्ने।

घ) मर्मत संम्भारलाई दिगो र भरपर्दो वनाउँने उपायहरुको खोजी गर्ने।

ङ) मर्मत संम्भार गर्दा लाग्ने खर्चमा न्युनिकरण गर्न तत्तसम्बन्धी कार्यायोजना बनाउँने।

च) मर्मत संम्भार सम्बन्धि कार्यको अनुगमन तथा निरिक्षण गर्ने।

छ) आवश्यकता अनुसार आकस्मिक/मोवाइल मर्मत टोलि गठन गरि कार्य जिम्मेवारी तोकि संम्भारको कार्यलाई छिटो, छरितो र प्रभावकारी वनाउने ।

ज) मर्मत सभार गर्दा लाग्ने खर्चमा न्यूनिकरण एव जनसहभागिता अभिबृद्धि गर्ने गरी कार्ययोजना बनाइ लागु गर्ने ।

## परिच्छेद ४

## मर्मत सम्भार कोष

**७) मर्मत सम्भार कोष**: गाउँपालिकाले मर्मत संभार कोषको नाममा एउटा छुटै कोष स्थापना गरिनेछ । कोषको अलग्गै बैक खाता हुनेछ । कोषमा देहाएको रकम जम्मा गरिने छ :

क) नेपाल सरकारबाट मर्मत संभार कोषमा प्रप्त हुने रकम ,

ख) प्रदेश सरकारबाट मर्मत संभार को लागि प्राप्त हुने रकम।

ग) गाउँ सभाबाट मर्मत संभार को लागि विनियोजित भएको रकम।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट कोषको लागि प्राप्त हुने रकम।

ङ) गाउँपालिका क्षेत्रभित्र उपभोक्ता समिति वा टोल सुधार समितिबाट संचालन हुने पूर्वाधार विकास सम्बन्धि योजनाहरुको भुक्तानीमा कट्टा हुने ५ प्रतिशत रकम ।

च) उपभोक्ता समिति र निर्माण व्यवसायिहरुबाट मर्मत सभारकोषको लागि कट्टा भएको रकम ।

**८) कोष संचालन :** यो कोषको सन्चालन देहाय बमोजिम हुनेछ ,

१) कोषको नाममा प्रप्त हुन आएको रकम जुगल गाउँपालिका मर्मत संभार कोषको नाममा बैक गाउँपालिका भित्र सन्चालनमा रहेको बैकमा खाता सन्चालन गरिने छ।

२) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको सयुक्त दस्तखतमा सन्चालन गरिने छ ।

३) कोषको लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**९) कोषको खर्च गर्ने क्षेत्रहरु** : मर्मत सम्भार कोषबाट देहाय बमोजिमका क्षेत्रहरुमा खर्च गर्न सकिने छ।

क) भवनको संरक्षण तथा निर्मित संरचनाको मर्मत सम्भार सम्बन्धि कार्य।

ख) ढल मर्मत सम्भार, ह्युम पाइप खरिद तथा मर्मत कार्य।

ग) सडकमा सोलिङ तथा कल्भर्ट निर्माण सम्बन्धी कार्य ।

घ) नाली सरसफाई तथा मर्मत कार्य।

ङ) विद्युत लाईन मर्मत तथा भाँचिएका पोल मर्मत र सौर्य उर्जाबाट संचालित यन्त्र उपकरण र बत्ती मर्मत सम्बन्धि कार्य।

च) सडकका खाल्डाखुल्डी पर्ने तथा मर्मत सम्भार गर्ने कार्य।

छ) खानेपानी मुहान, पाइप तथा धारा मर्मत कार्य।

ज) विद्युत लाईन मर्मत तथा भाँचिएका पोल मर्मत र सौर्य उर्जाबाट संचालित यन्त्र उपकरण र बत्ती मर्मत सम्बन्धि कार्य।

झ) सडकका खाल्डाखुल्डी पुर्ने तथा मर्मत सम्भार गर्ने कार्य।

**१०) आकस्मिक मर्मत सम्भार :** विपद र वर्षातको समयमा भएको भौतिक पूर्वाधार संरचना क्षतिको मर्मत सम्भार गर्ने आकस्मिक मर्मत सम्भार कार्य भित्र पर्दछन् ।

**११) कोषको रकम खर्च गर्ने सम्बन्धी व्यवस्था** : मर्मत संम्भार कोषमा रहेको रकम खर्च गर्ने विधि निम्नानुसार हुनेछः

क).एक पटकमा अधिकतम रु.१,००,०००/- सम्मको मर्मत संम्भार कार्य प्रमुख प्रशासकीय अधिकृतको निर्णयानुसार खर्च गर्न सकिनेछ। त्यसरी खर्च गर्दा पूर्वाधार मर्मतको हकमा प्राविधिक लागत अनुमान बमोजिम हुनेछ।

ख).एक पटकमा रु.१,००,०००/- भन्दा बढी रु.५,००,०००/- सम्मको मर्मत कार्य मर्मत संम्भार कोष परिचालन समितिको निर्णयानुसार खर्च गर्न सकिने छ। त्यसरी खर्च गर्दा पूर्वाधार मर्मतको हकमा प्राविधिक लागत अनुमान बमोजिम हुनेछ।

ग). कोषमा रहेको रकमको उपलब्धतालाई मध्यनजर गरी रु.५,००,००० भन्दा बढीको मर्मत कार्य मर्मत संम्भार कोष परिचालन समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णयानुसार गर्न सकिने छ। त्यसरी खर्च गर्दा पूर्वाधार मर्मतको हकमा प्राविधिक लागत अनुमान बमोजिम हुनेछ ।

घ).आवश्यकता अनुसार अनुगमन प्रतिवेदन तथा आवश्यक विल भपाई/डोर हाजिरीमा मर्मत कार्य गर्ने व्यक्ति/संस्था/फर्मलाई भुक्तानी दिइनेछ ।

ङ). मर्मत सम्भार कोषको रकम प्रशासनिक खर्च, अनुदान तथा आर्थिक सहायतामा खर्च गर्न पाईने छैन।

## परिच्छेद ४
## मर्मत संम्भारको लागि छनौट सम्बन्धी मापदण्ड

**१२) मर्मत संम्भारको लागि छनौटको मापदण्ड** : उपभोक्ता समिति र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितीवाट मंर्मत संम्भारका लागी एकिकृत वार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका योजनाहरु र गाउँपालिकाले आवश्यकता ठानेका मर्मत संम्भारका कार्य देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ।

क) सबैभन्दा बढी क्षती भएका भौतिक संरचनाहरुको आधारमा ।

ख) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

ग) लाभान्वित हुने जनसख्या वा घरधुरीको आधारमा ।

घ) मर्मत संम्भारबाट हुने लाभको आधारमा।

ङ) सार्वजनिक भौतिक संरचनाको दिर्घकालिन उपयोगिता र आवश्यकताको आधारमा।

च) तत्काल मर्मत सम्भार गर्नुपर्ने आवश्यकताको आधारमा ।

छ) वातावरण मैत्री गाउँ निर्माण गर्न सहयोग पुग्ने पुर्वाधार संरचनाहरु

**१३) मर्मत संभार कार्य गराउने सम्बन्धी व्यवस्था :** मर्मत संभार कार्य सार्वजनिक खरिद ऐन, २०६३ एवं प्रचलित कानुन र अन्य प्रचलित कानुन कमोजिम आवश्यक प्रकृया पुरा गरि गर्नुपर्ने छ । सार्वजनिक संरचनाको मर्मत संम्भार कार्यमा जनसहभागिता प्रबद्धनलाई उच्च प्राथमिकता दिइनेछ ।

**१४) अनुगमन तथा सुपरिवेक्षण :** मर्मत संम्भार कोषबाट संचालन हुने मर्मत संम्भार कोषको अनुगमन तथा सुपरिवेक्षण मूल्याङकन देहाय बमोजिम हुनेछ

क) जतिसुकै लागत रकम रहने भएता पनि मर्मत कार्यको लागि वडा स्तरीय अनुगमन समिति र गाउँपालिका स्तरीय योजना अनुगमन समितिबाट अनुगमन गरी समितिले गाउँपालिका कार्यालयमा सिफारिस गर्नुपर्ने छ ।

ख) आवश्यकता अनुसार मर्मत संभार कोष व्यवस्थापन समितिले समेत कार्यको अनुगमन गर्नुपर्नेछ ।

ग) अनुगमन प्रतिवेदनमा दिइएका सुझावहरुलाई समितिमा छलफल गरी सुधारको लागि कार्य गर्नुपर्ने छ ।

## परिच्छेद ४
## विविध

**१५) संशोधन वा खारेजी :** मर्मत संम्भार कोष संचालन कार्यविधि संसोधन वा खारेजी गर्नु परेमा विधायन समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट हुनेछ ।

**१६) बाधा अड्काउ फुकाउ :**

यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा व्यवधान वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्काउ फुकाउने काम कार्यपालिकाको हुनेछ ।

**१७) अमान्य हुनेः** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वत निस्कृय र अमान्य हुनेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत